**सूचना**

धुम्रपान र मद्यपानबाट टाढा रहौं ।
सुखी र स्वस्थ जीवन बिताऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग



# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY


फिदिम आगलागीबाट ३१ लाखको क्षति



• पृष्ठ ३

वर्ष-१३ ।। अङ्क : ६४ ॥ २०७८ वैशाख २६ गते आईतबार (9th May 2021, Sunday) Pratidin National Daily dNo-?:%÷-

## झापामा निषेधाज्ञालाई कडा बनाइदै



*भद्रपुर (प्रस) ।* झापामा निषेधाज्ञालाई अझ कडा पारिएको छ। यसअघि चौबीसै घण्टा सञ्चालनको अनुमति पाएको निर्माण सामग्री ढुवानी गर्ने सवारी साधनका लागि समय तोकिएको छ। शनिबार बसेको जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र झापाको बैठकले निर्माण सामग्री बोकेका टिपर तथा ट्र्याक्टर लगायतलाई बिहान ६ बजेदेखि १० बजेसम्म र बेलुका पनि ६ बजेदेखि १० बजेसम्म मात्र सञ्चालन गर्न दिने निर्णय गरेको छ। त्यस्तै, काँकरभिट्टा नाकाबाट नेपाल प्रवेश गर्ने नेपालीका लागि नयाँ बसपार्क क्षेत्रमा होल्डिङ सेन्टर बनाउन जग्गा उपलब्ध गराउने निर्णय भएको केन्द्रका सदस्य तथा नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालले जानकारी दिए। त्यहाँ नेपाली सेनाले १ हजार बेड क्षमताको अर्ध-अस्थायी प्रकृतिको होल्डिङ स.न्टर निर्माण गर्दैछ । बैठकले एम्बुलेन्स, शव बाहनलगायत अन्य कुनै पनि सवारी साधनहरुले तोकिएकोभन्दा बढी भाडा असुली गरिएको पाइएमा कडा कारबाही गर्ने निर्णय गरेको छ । कोरोना महामारीको बेला एम्बुलेन्स र शवबाहनले अत्याधिक चर्को भाडा असुलिरहेको गुनासो आएको छ।

# कोरोना संक्रमणबाट फेरि दुई महिलाको मृत्यु



*झापा (प्रस) ।* झापामा शनिबार फेरि दुईजना महिलाको कोरोना संक्रमणबाट मृत्यु भएको छ। मृत्यु हुने दुवैजना बृद्धा रहेका छन् । शुक्रबार पनि दुई महिलाको मृत्यु भएको थियो । ती दुवै बृद्धाको बिर्ता सिटी हस्पिटल बिर्तामोडमा शनिबार बिहान मृत्यु भएको हो । बिर्तामोड ५ की ६२ वर्षिया खड्का थरकी बृद्धाको बिहान १०.४५ बजे मृत्यु भएको नगरपालिकाका कोभिड पर्सन ओम खड्काले बताए । संक्रमण पुष्टि भएपछि ती बृद्धा केही दिनदेखि उपचाररत थिइन् । बिर्तामोडको ५ मा नयाँ भेरियन्टबाट दुईजनाको मृत्यु भइसकेको छ । आफ्नो वडाभित्र धेरै संक्रमित देखिएको वडाध्यक्ष राजेन्द्र लिङ्देनले बताए । त्यस्तै दमक ८ की ८३ बर्षिया बृद्धाको बिर्तासिटी हस्पिटल बिर्तामोडमा बिहान ६ बजे मृत्यु भएको दमक नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। बैशाख १७ गते संक्रमण पुष्टि भएपछि उनी २० गते अस्पताल भर्ना भएकी थिईन् । दमकमा दोस्रो लहरको संक्रमणबाट ७ जनाको मृत्यु भइसकेको छ ।योसँगै झापामा कोरोना संक्रमणबाट मृत्यु हुनेको सँख्या १४८ पुगेको छ।

यसैबीच शनिबार झापामा १८९ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको छ । संक्रमण पुष्टि हुनेमा ८४ महिला १०५ जना पुरुष छन् । शनिबार थपिएका संक्रमितमध्ये दमक नगरपालिकाका सबैभन्दा बढी ४३ जना रहेका छन् । जसमा १९ महिला र २४ जना पुरुष रहेका छन् ।यसैगरी, बिर्तामोडमा १७ महिलासहित ३२ जना, दमकमा १० महिलासहित २५ जना, कनकाईमा १० महिलासहित २० जना, मेचीनगरमा १० महिलासहित १९ जना, अर्जुनधारामा ५ महिलासहित १६ जनामा संक्रमण पुष्टि भएको कोभिड फोकल पर्सन जीवन चौलागाईंले जानकारी दिएका छन् ।यस्तै, गौरादहमा ४ महिलासहित ८ जना, बुद्धशान्तिमा ३ महिलासहित ७ जना, शिवसताक्षीमा १ महिलासहित ६ जना, हल्दिबारीमा ३ पुरुष, गौरीगञ्जमा २ पुरुष, कचनकवलमा १ महिला, १ पुरुष, कमल र बाह्रदशीमा १-१ महिला, झापामा १ पुरुष र ठेगाना नखुलेका २ महिला र १ पुरुषमा पनि संक्रमण पुष्टि भएको छ ।योसँगै झापामा कुल सक्रिय संक्रमितको संख्या १ हजार ३७५ पुगेको छ । कूल संक्रमितको सँख्या ६ हजार ११४ पुगेको छ भने कोरोनालाई जितेर घर फर्किनेको संख्या ४ हजार ५९२ रहेको छ।

## कांग्रेसले ओलीलाई विश्वासको मत नदिने




*झापा (प्रस) ।* नेपाली कांग्रेसको संसदीय दलले प्रधानमन्त्री केपी शर्मा ओलीलाई विश्वासको मत नदिने र आफ्नै पार्टीको नेतृत्वमा सरकार बनाउने निर्णय गरेको छ ।शनिबार नयाँ बानेश्वरस्थिति अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बसेको कांग्रेस संसदीय दलको बैठकले यसअघि पदाधिकारी बैठकले गरेको निर्णयलाई अनुमोदन गरेको हो । बैठकले प्रतिनिधिसभामा प्रधानमन्त्रीले राख्ने विश्वासको प्रस्तावको विपक्षमा मतदान गर्ने निर्णय गरेको प्रमुख सचेतक बालकृष्ण खाँडले बताए ।

ओलीविरुद्ध अविश्वासको प्रस्ताव नल्याउने तर विश्वासको मतको विपक्षमा मत दिने निर्णय बैठकले गरेको खाँडले जानकारी दिए । ‘ओलीलाई विश्वासको मत नदिने र आफ्नो नेतृत्वमा सरकार बनाउन राजनीतिक दलहरूसँग छलफल गर्ने निर्णय बैठकले गरेको छ ’ खाँडले भने,‘ प्रधानमन्त्री ओली राजनीतिक र प्रशासनिक रूपमा पूर्ण असफल भएकाले उहाँलाई कांग्रेसले विश्वासको मत दिँदैन। आफ्नो नेतृत्वमा सरकार गठन गर्न अन्य दलसँग छलफल गर्छ ।’

प्रधानमन्त्रीको विश्वासको मत लिने प्रयास असफल हुने भएकाले अविश्वासको प्रस्ताव ल्याउनुको औचित्य नभएको प्रमुख सचेतक खाँडको भनाई थियो ।प्रतिनिधिसभाको वैशाख २७ गतेको बैठकमा प्रधानमन्त्री ओलीले विश्वासको मत लिँदैछन् । यस्तै, कांग्रेसले संवैधानिक परिषद्सम्बन्धी अध्यादेशको विरोध गरेको छ । उसले संवैधानिक परिषद् बैठकमा सहभागी नहुन सदस्यहरूलाई आग्रह गरेको छ । आइतबार प्रधानमन्त्रीले संवैधानिक परिषद्को बैठक डाकेका छन् ।

बैठकले कोरोना महामारी नियन्त्रणमा सरकार पूर्णरूपमा असफल भएको निष्कर्ष निकाल्दै जनताको जिवनरक्षामा केन्द्रित हुन सरकारको ध्यानाकर्षणसमेत गराएको छ। यस्तै, उसले खोपको आपूर्तिका लागि अन्तर्राष्ट्रिय समुदायलाई आग्रह गर्नेसमेत जनाएको छ।







# प्रदेश १ मा ५७८ जना संक्रमित थपिए

*झापा (प्रस)* । प्रदेश १ मा शनिबार ५७८ जना कोरोना संक्रमित थपिएका छन् ।
मोरङमा २११, झापामा १६८, सुनसरीमा ११९, सोलुखुम्बुमा २४, इलाममा २२, धनकुटामा ९, उदयपुरमा ३, सँखुवासभा र ताप्लेजुङमा १-१ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
मोरङको विराटनगरमा ८७ महिला र ९८ पुरुष सहित १८५, बेलबारीमा ८, सुन्दरहरैचामा ७, बुढीगंगामा ५, केराबारीमा २, सुनबर्षी, जहदा ग्रामथान र कटहरीमा १-१, सुनसरीको धरानमा ४७, इटहरीमा ४२, इनरुवामा ९, तर्जुमा ८, रामधुनीमा ३, दुहवीमा र कोशी गाउँपालिकामा २-२, देवानगञ्ज , बराहक्षेत्र र स्थानीय तह नखुलेका १-१ जनाको रिपोर्ट पोजेटिभ आएको मन्त्रालयले जनाएको छ । त्यसैगरी सोलुखुम्बुको सोलु दुधकुण्डमा २३ र नेचा सल्यानमा १, इलामको माईमा १५, इलाम नगरपालिकामा ४, रोङमा २ र देउमाईमा १, धनकुटाको धनकुटा नगरपालिकामा ७, छथर र स्थानीय तह नखुलेका १-१, उदयपुरको बेलका, त्रियुगा र रौतामाईमा १-१, सँखुवासभाको धर्मदेवी र ताप्लेजुङमा १-१ र प्रदेश १ बाहिरका २० जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।
प्रदेश १ मा कोरोना संक्रमितको सँख्या ३७ हजार २२३ पुगेको छ । संक्रमित भएकामध्ये ३० हजार २२६ संक्रमणमुक्त भएका छन् ।
सक्रिय संक्रमितको सँख्या ६ हजार ४५० पुगेको छ। प्रदेश १ मा शनिबार १ हजार १७३ जनाको पीसीआर परीक्षण गरिएको छ । परीक्षण गरिएकामध्ये २६३ महिला र ३१५ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## सूचना

**२०७५ साल भदौ १ गते देखि लागूभएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरू :**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- य सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
*सूचना तथा प्रसारण विभाग*

## पत्रकार...

२४ गते नापी कार्यालय दमकको प्रतिनिधिले सो सडक नक्सा अनुसार नापेर सीमा निर्धारण गरेका थिए । तर गत चैतदेखि सो विवादित खण्डमा नहर पश्चिम चोकसम्म काम शुरु गर्दा नापी कार्यालयको नापलाई समेत अटेर गरी वडाध्यक्ष महतोकै नेतृत्वमा बाङ्गोटिङ्गो नाला खन्न थालिएको थियो । नाला बाङ्गोटिङ्गो खन्न थालेपछि स्थानीय युवा निरज शर्माले बिरोध गर्दा उनलाई वडाध्यक्ष महतोले 'तिमी मान्छे उचाल्ने काम नगर' भनी उल्टै हप्काएको बताइएको छ । शनिवार पनि रिपोर्टिङ का क्रममा रहेका पत्रकार राजवँशीले सो बाटो किन बाँगोटिँगो वनाएको बारे कुरा उठाउदा वडाध्यक्ष महतो पत्रकार माथि जाईलागेका थिए ।

# पत्रकारहरुलाई विशेषज्ञ चिकित्सकको परामर्श



*बिर्तामोड (प्रस)* । नेपाल पत्रकार महासंघ झापा शाखाले कोरोना भाइरसबाट संक्रमित पत्रकारहरुका लागि विशेषज्ञ चिकित्सकको परामर्श कार्यक्रम गर्ने निर्णय गरेको छ ।
महासंघ झापा शाखाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा शनिबार सम्पन्न भर्चुअल बैठकले त्यस्तो निर्णय गरेको हो ।
बैठकले कोभिड-१९ संक्रमणको दोस्रो लहर र यसले बढाएको जोखिमको सन्दर्भमा महासंघ तथा समग्र सञ्चार क्षेत्रले गर्नुपर्ने कार्यका बारेमा विभिन्न निर्णय गरेको सचिव डिकेश लामाले जानकारी दिए ।
कोरोना भाइरसबाट संक्रमित पत्रकारका लागि आवश्यक अक्सिजनसहितको आइसोलेसन बेडको व्यवस्था मिलाउने महासंघले निर्णय गरेको छ । स्थानीय सरकारसंग समन्वय र सहकार्य गरी संक्रमित पत्रकारलाई सहजरुपमा आइसोलेसनमा राख्ने व्यवस्था मिलाउने पत्रकार महासंघको निर्णय छ ।
साथै संक्रमित पत्रकारलाई स्वास्थ्यमा समस्या उत्पन्न भए चिकित्सकको परामर्श, अस्पताल भर्ना लगायतका सबै कार्यमा महासंघले सहजीकरण गर्ने निर्णय गरिएको छ ।
त्यस्तै संक्रमित पत्रकारहरुले स्वास्थ्य सुधारका लागि गर्नु पर्ने कार्य, आत्मबल बढाउने बारे परामर्श, अन्य पत्रकारहरुले रिपोर्टिङ गर्न जाँदा, घर आउँदा र अरु समयमा पनि अपनाउनु पर्ने सावधानी लगायतबारे बुझाउन तथा कुनै पनि जिज्ञासा र जवाफका लागि 'पत्रकारहरुलाई विशेषज्ञ चिकित्सकको परामर्श' विषयक भर्चुअल कार्यक्रम वैशाख २६ गते आइतबार दिनको २ बजेबाट ३:३० बजेसम्म गर्ने महासंघले निर्णय गरेको छ । कोभिड १९ बाट संक्रमितहरुको उपचारमा खटिएका विशेषज्ञ चिकित्सकले सहजीकरण गर्ने उक्त कार्यक्रममा हाल आइसोलेसनमा रहेका, यसअघि संक्रमित भई स्वास्थ्यलाभ गरेकासहित सबै पत्रकारलाई सहभागिताका लागि महासंघले आह्वान गरेको छ ।
कोभिड-१९ को दोस्रो लहरले सञ्चार क्षेत्रमा पारेको प्रभाव र उत्पन्न समस्याहरुबारे वैठकमा गम्भीर छलफल र समीक्षा गरिएको छ । हालसम्म झापाका २१ जना पत्रकार कोरोना भाइरसबाट संक्रमित बनेकोमा एक जनाको निधन भएको र ९ जना हाल आइसोलसनमा रहेका छन् । हाल आइसोलेसनमा रहेका सबै पत्रकारको वैठकले शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । साथै सबै पत्रकारलाई प्रविधिको प्रयोग गरेर भरसक घरबाटै काम गर्न र बाहिर जानै पर्ने भए स्वास्थ्य सुरक्षाका सबै मापदण्ड पूर्ण पालना गरेर मात्र काम गर्न बैठकले अपिल गरेको छ ।

कोभिड-१९ को दोस्रो लहरको प्रभावबाट प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकार तथा सञ्चारगृहमा उत्पन्न हुनसक्ने समस्याको समाधान, समन्वय लगायतका कार्य गर्नका लागि उपाध्यक्ष केशव भट्टराईको संयोजकत्वमा गठित समिति तथा कोभिड-१९ को दोस्रो लहरबाट सञ्चार क्षेत्रमा उत्पन्न भएका र हुनसक्ने समस्या लगायत समग्र विषयको अनुगमन गर्न उपाध्यक्ष सुशीला संग्रौलाको संयोजकत्वमा यसअघि गठित समितिको कामबारे बैठकमा रिपोर्टिङ र समीक्षा भएको जनाइएको छ । उक्त दुवै समितिलाई अझ सक्रिय र आफ्नो कामलाई प्रभावकारी बनाउन बैठकले निर्देशन दिएको छ ।

# झापामा अक्सिजनका सिलिन्डर खोज्न प्रहरी परिचालन

*झापा (प्रस)* । लुकाइएका र प्रयोगविहीन अवस्थामा राखिएका अक्सिजनका सिलिन्डर खोज्न झापामा प्रहरी परिचालन गरिएको छ । दुई दिनमा प्रहरीले विभिन्न उद्योगबाट एक सय पाँच सिलिन्डर संकलन गरेको छ ।
मेडिकलबाहेक अन्य प्रयोजनमा अक्सिजन सिलिन्डर प्रयोग भइरहेको जानकारी आएपछि प्रहरी परिचालन गरेर सिलिन्डर संकलन थालिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताए ।
कोभिड-१९ महामारीको दोस्रो लहरले संक्रमितको सँख्या बढेसँगै अक्सिजन सिलिन्डरको माग बढिरहेको छ । विभिन्न उद्योग र ग्यारेजबाट प्रहरी टोलीले सिलिन्डर संकलन गरी डिलरमा पुऱ्याएको छ । दमकको मातृका ट्रेडर्स र बिर्तामोडको कपुरी ब्रदर्स तथा जलकन्या ट्रेडर्समा ती सिलिन्डर रिफिलका लागि पठाइएको थापाले जानकारी दिए। उनले प्रयोगविहीन र लुकाइएका अक्सिजन सिलिन्डरको खोजी कार्य जारी रहेको बताए ।
प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले संकलन गरिएका सिलिन्डर निजी तथा सरकारी अस्पतालमा बिरामीको चाप र आवश्यकता हेरेर उपलब्ध गराउने जानकारी दिए । 'जुन अस्पतालमा अक्सिजन अभाव हुन्छ, त्यहीँ उपलब्ध गराउँछौं', प्रजिअ



तिमिल्सिनाले भने, 'अक्सिजन अभावमा संक्रमितलाई सकस नहोस् भनेर उद्योगधन्दाका सिलिन्डर संकलन गर्न थालेका हौँ ।'
जिल्लामा आइसोलेसनमा रहेका सक्रिय संक्रमितको सँख्या एक हजार २०३ रहेको छ । मेची प्रादेशिक अस्पतालमा रहेको ७५ शैयूयाको कोभिड अस्पतालमा ५० शैयूया संक्रमितले भरिसकेको छ ।
यसैबीचअत्यावश्यककामबाहेकहिडडुलगर्ने सर्वसाधारणलाई च ा ` क - चोकमा प्रहरीले होल्ड गराउन थालेको छ । होल्ड गराउँदै प्रहरीले पूर्ण निषेधाज्ञामा पालना गर्नुपर्ने नियमहरुका बारेमा बताउन थालेको छ । शनिवार बिर्तामोडको मुक्ति क्षेत्रमा अनावश्यक हिडडुल गर्नेहरुलाई होल्ड गराउँदै सहजीकरण गरिएको छ। जिल्ला प्रहरी कार्यालय झापामा प्रहरी उपरीक्षक सानुराम भट्टराईले महामारीबाट सुरक्षित रहन आफै सतर्क बन्नुपर्ने बताए । उनले अनावश्यक हिडडुल गर्दा संक्रमणको जोखिम बढ्ने भन्दै अत्यावश्यक कामबाहेक नहिड्न र हिड्नै परेमा स्वास्थ्य मापदण्ड पालना गर्न आग्रह गरे । होल्डमा परेकाहरुलाई प्रहरी उपरीक्षक भट्टराईले पूर्ण निषेधाज्ञाको पालना नगर्नेहरुलाई कानुन बमोजिम कारबाही गरिने बताए । सहजीकरण गर्दै उनले निर्माणको क्षेत्रमा काम गर्ने मजदुरहरुलाई व्यवसायीले सोही ठाउँमा बस्न व्यवस्था गर्नुपर्ने जानकारी दिए । उच्च जोखिमकै कारण पूर्ण निषेधाज्ञा लागु गरिएको बताउँदै सबैलाई सुरक्षित रहन आग्रह गरे । सबैको जीवन सुरक्षा गर्नकै लागि यो व्यवस्था लागु गरिएको भन्दै उनले निषेधाज्ञाको पालना गर्न अपिल गरेका छन् ।

प्रहरीले जिल्लाका प्रायः सबैजसो चोकहरुमा चेकजाँच बढाएको छ । बिर्तामोडको मुक्ति चोकको चारै भागमा प्रहरीले कडा जाँच गरिरहेको छ ।बिर्तामोडका डिएसपी सन्तोष आचार्य, झापा ट्राफिक प्रमुख निषेश चापागाईले समेत सर्वसाधारणलाई अनावश्यक हिडडुल नगर्न आग्रह गरेका छन् । उनीहरुले स्थानीय तहको पासमा हिड्न नपाइने जानकारी दिए ।







## Bhadrapur Municipality
Office of Municipal Executive
Bhadrapur-Jhapa
1 No Province, Nepal

## Invitation for Sealed Quotation

**Invitation for Sealed Quotation for the procurement of supply and delivery of Ambulance**
**Date of first Publication: 2078/01/26**

1. The Bhadrapur Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery of **Ambulance.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np.]
3. "Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP [www.bopatra.gov.np/egp]. Bidders, submitting their bid electronically;
4. The bidding cost and security fee along with bank a/c details are as below with the last deadline for bid submission is **2078-02-09, 12:00 PM** and opening of the bid takes place on the same day **1:00 PM.**
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

| S.N | Contract ID | Procurement Name | Bid document Fee (Nrs) | Bid Security Fee (Nrs) |
|---|---|---|---|---|
| 1 | BDP/VEHICLE/AMBULANCE/NCB-01/077-78 | Supply and delivery of Ambulance | 1000.00 | 48,000.00 |

**Bank A/c details**
Name of the Bank: **Rastriya Banijya Bank**
Name of Office: **Bhadrapur Municipality, Office of Municipal Executive**
Office Code no. : **801011206**
Office Account no.: **2210100301010003 for Bid document fee & 2210100303000003 for bid security fee**

**■ Chief Administrative Officer**

## फिदिम...

प्रहरी कार्यालय पाँचथरले बताएको छ ।आगलागीबाट खड्गबहादुर गुरुङ, कुलहादुर मगर, तारा भुजेल, मनप्रसाद सुनुवार, जितबहादुर इङबुङ इन्द्रकुमारी योक्पाङदेनको परिवार बिस्थापित भएको प्रहरीको तथ्यांकमा उल्लेख छ ।आगलागीमा ३ लाख ७० हजार नगद र ५ तोला चाँदी जलेको प्रहरीले जनाएको छ । आगलागीको कारण खुलाइएको छैन ।दुईवटा दमकल र स्थानीय तथा प्रहरी र सेनाको सक्रियतामा थप फैलनबाट रोकिएको थियो । दुईवटा दमकल तत्काल परिचालित भएकाले ४० मिनेटमै आगो नियन्त्रणमा आएको उद्योग वाणिज्य संघका अध्यक्ष दिपक नेपालले बताए ।आगलागी भइरहँदा २ वटा ग्याँस सिलिन्डर पड्केका थिए ।

gj ;~rf/ uk k|n-åf/f k|sflzt tyf gj ;~rf/ ck|;]6df dlb|t sfof{no ebk|/ a; :6]08 klZrd, uh'/dv l6f]h, la t{fdf]8 -e|fkf_ kmf]g g+ )@#–%$#*@) 0d]n pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। सम्पादक : राजेन्द्र गौतम

# अभिव्यक्ति



• रुपा राजवंशी

## दाइजोको दर्द



विश्व कोरोनाको महामारीबाट आक्रान्त छ । मानिसहरु कोरोना संक्रमणबाट आफ्नो र घरपरिवारको ज्यान कसरी बचाउन सकिन्छ भनेर चिन्तित छन् । कोरोना कहरका बेला मोरङको जहदामा दाइजोको एउटा घटनाले निकै चर्चा पायो । त्यस घटनाका बारेमा संचारमाध्यमबाट पढ्न पाउँदा मेरो मन मस्तिष्कलाई झस्काईदियो । दुई वर्षअघि दाइजो नदिएको निहुँमा मण्डपमै बेहुली छोडेर हिडेका मोरङ जहदा गाउँपालिका ४ कविलासाका लक्ष्मण राजवंशीले अर्को विवाह गर्न लागेका रहेछन् ।मेरो मनमा खड्किएको कुरा लक्ष्मणले दाइजो नदिँदा मण्डप छोडेर हिडेको घटना त्यतिबेला सायद कसैले पनि उठाएनन् होला । मानौ, त्यतिबेला दाइजो नदिँदा बेहुलीलाई मण्डपमै छोडेर जानु स्वाभाविक थियो । उनले बेठीक गरे भनेर भन्नेवाला कोही निस्केनन् । निस्केको भए उनले दोस्रो विवाह गर्न लागेको सुनेर यतिबेला हामीले छक्क मान्नुपर्ने थिएन । अहिले उनले अर्को विवाह गर्न लाग्दा मात्र दुई वर्षअघिको घटना बाहिर आएको छ ।समाचारमा भनिए अनुसार उनले २०७६ साल जेठ ३ गते जहदा ३ जयरामपुरकी सुमित्रा राजवंशीसँग विवाह गरेका थिए ।उनले विवाहमा दाइजोस्वरुप १ तोला सुनको सिक्री, अपाचे मोटरसाइकल र डाइनिङ टेबल माग गरेका थिए । तर, बेहुली पक्षले आर्थिक विपन्नताका कारण होण्डाको साइन मोटरसाइकल मात्रै दिए भने १ तोलाको सुनको सिक्री र डाइनिङ टेबुल दिन सकेनन् । त्यसपछि बेहुला पक्षले बेहुली सुमित्रालाई विवाहको अन्तिम समयमा आएर मण्डपमै छोडेर हिडेको थियो । राजवंशी जातिमा बेहुली अन्माउनुभन्दाअघि बेहुलालाई खिर खुवाउने चलन छ । त्यहीबेला लक्ष्मणले आफ्नो मागबमोजिम दाइजो नदिएको भन्दै बेहुली छोडेर हिडेको संचारमाध्यमले जनाएका छन् ।

तिनै लक्ष्मण जसले दाइजोको लोभमा विहे गरिसकेपछि नवबधुलाई छोडेर गए ,कति आशा र भरोसाले सुमित्रा लक्ष्मणसँग विवाह बन्धनमा बाँधिएकी थिइन् होला ,उनको भावनालाई लत्याएर मण्डपमै छोडेर गए । सायद त्यो दृश्य चलचित्रको कथाभन्दा कम मार्मिक थिएन होला । छोरीको नयाँ जीवन शुरुवात हुन्छ भनेर सुमित्राका बुवाआमा कति आशावादी थिए होलान् ,आफ्नो आर्थिक हैसियतले भ्याएसम्म मोटरसाइकल त दिएकै रहेछन् त । दाइजोमा अपाचे बाइक नै चाहिने ?साइन बाइकले नहुने ? रहर नै हो भने आफूले दुख गरेर आर्जन गरेको पैसाले पूरा गर्न सक्नुपर्छ । वरवधुको सुखी दाम्पत्य जीवनका लागि आशीर्वाद दिन कति धेरै आफन्त , नातागोता र छरछिमेक विवाहमा भेला भएका थिए होलान् । लक्ष्मणको त्यो हर्कतले साराका साराको सपना तुहियो ।सबै अवाक भए , अकमक्क भए होलान् । कति पीडादायी र दर्दनाक थियो होला बेहुलाले बेहुलीले छोडेपछिको दृश्य । दाइजोका हिमायतीहरुलाई यो घटना सामान्य जस्तो लाग्न सक्छ । तर, सिदुरपोते लगाइदिएर लक्ष्मणले छोडेकी सुमित्रा , उनका बुवाआमाको मनमा के बितिरहेको छ भन्ने कुरा उनीहरुलाई मात्र छ । मलाई त लक्ष्मणले छोडेको सुमित्रा अनि अर्को विहे गर्न लागेको लीलाकुमारी दुवैलाई संझिदा माया लाग्यो ।

म राजवंशी समुदायकी महिला हुँ । म कसैको छोरी थिए अहिले श्रीमती हुँ । मेरा पनि दुईजना छोरी छन् ।यस्ता घटनाले हामी छोरीका अभिभावकहरुलाई चिन्तित बनाएको छ ।राजवंशी समुदायमा आयातित दाइजो प्रथाले विकराल र दर्दनाक रुप लिदै गएको छ । विशेष गरी मधेशी समुदायमा व्याप्त दाइजो प्रथाले राजवंशी समुदायमा जरो गाडिसक्यो । हुँदाखानेहरु सकीनसकी दाइजो दिन बाध्य छन् भने हुनेखानेहरु रमाइ-रमाई दाइजो प्रथालाई बढावा दिदै गएका छन् । सबै कुरामा सम्पन्न खस समुदायमा यो प्रथा त्यति बाध्यात्मक मानिदैन तर आर्थिक अबस्था कमजोर बनेका हाम्रो राजवंशी समुदायका लागि यो चलनकै रूपमा चल्न थालेको छ अथवा एक प्रकारको बाध्यकारी परम्परा नै बनेको छ । गरिबीबाट ग्रस्त परिवारलाई छोरीको विवाह गर्नु भनेको ऋणको भार बोक्नु सरह नै सावित हुन्छ । दाईजो प्रथाको आर्थिकभन्दा पनि सामाजिक र मनोवैज्ञानिक पाटो अझै विकराल छ । छोरा जन्मदा खुसी हुने परिवार छोरीको जन्म हुँदा दुःखी हुने गर्दछन् । छोरीमाथिको लैंगिक विभेद गर्भबाट नै सुरू हुने गरेको छ । दाइजो एक प्रथा भएकोले बाध्यात्मक छ । यसले समाजमा असमानता, उत्पीडन, हत्या तथा हिंसा जस्ता जघन्य सामाजिक अपराधलाई पनि टेवा दिइरहेको हुन्छ । हाम्रो समाजमा हुने महिला हिंसा, आत्महत्या जस्ता घटना यसका ज्वलन्त प्रमाणहरू हुन् । विवाहपछि महिलाले दाईजो कम ल्याएकै बहानामा घरपरिवारका सदस्यहरूबाट नै अपहेलित हुनुपर्ने, शारीरिक तथा मानसिक तनाव खेप्नुपर्ने, कुटपिट, गालीगलोज गर्ने जस्ता घटना समाजका लागि सामान्य बन्दै गएको छ । मधेशमा केटाको पढाइ र जागिरलाई दाईजो मापन गर्ने माध्यमको रूपमा लिइन्छ । दाइजो प्रथा होइन, कुप्रथा हो । दाईजो भनेको बुबाको सम्पत्तिमा छोरा सरह छोरीको पनि अधिकार हुनु हो त्यसैले यो प्रथा ठिक छ भनेर विश्लेषण गर्नेहरू पनि छन् । तर, बुबाको सम्पत्तिमा छोरीले अधिकार लिनको लागि दाईजो नै लिन जरूरी छ ? शिक्षा, स्वास्थ्यलगायतका छोरीको उज्जवल भविष्यका लागि बुबाले गर्न सक्ने धेरै पाटाहरू छन् । विवाहलाई हाम्रो समाजले पवित्र सांस्कृतिक तथा धार्मिक मान्यता प्रदान गरेको छ भने यो मान्यताभित्र विवाहमा दाईजो दिनुपर्छ भनेर कहीँकतै उल्लेख गरिएको पाईदैन । यो परम्पराको नाममा फैलाइएको भ्रम मात्र हो ।

हामीले स्थापना गरेको राजवंशी विकास प्रतिष्ठानले केही दिनअघि दाइजो कुप्रथाको न्यूनीकरणको विषयमा एकदिने गोष्ठी आयोजना गरेको थियो । कार्यक्रममा सहभागी राजवंशी अगुवाहरुले दाइजो प्रथाको न्यूनीकरणमा अभियान चलाउने प्रतिबद्धता जनाएका थिए । हाम्रा अगुवाहरुले सुमित्रामाथि परेको अन्यायको विरुद्धमा आवाज उठाउँदै यो अभियानको शुभसाइत गर्नुपर्ने देखिएको छ । कानूनी रुपमा लक्ष्मण माथि छन् भन्ने सुनिन्छ । उनलाई साथ दिने ठूलाबडा होलान् । कानूनी रुपमा उन्मुक्ति पाएपनि सामाजिक विकृति ल्याउने त्यस्ता व्यक्तिलाई हामीले समाजबाटै बहिष्कार गरौं ।दाइजोको नाममा समाजलाई विकृत बनाउन बन्द गरौ । महिलाको भावना र अस्तित्वमाथि खेलवाड गर्न पाइदैन ।

(रुपा राजवंशी विकास प्रतिष्ठानकी उपाध्यक्ष हुन्)



• रामहरि अधिकारी

## म दले होइन !

उसले रिसाएर ढ्वाक्क फोन राख्यो ।
ऊ त्यसरी रिसाउनुको कारण छ । पुरानो कथा छ ।

०००

ऊ अर्थात् मेरो साथी दलबहादुर । उसको वास्तविक नाम दलबहादुर नै हो । तर, मानिसहरू उसलाई हेपेर 'दले' भन्छन् । म भने बालसखा भएकोले माया गरेर दलबहादुर नै सम्बोधन गर्छु । मेरोभन्दा पनि कमजोर आर्थिक हैसियत हो उसको । उसले र मैले सँगै एक कक्षादेखि पढेका हौं । उसको पढाइ कमजोर थियो । मभन्दा पनि कमजोर । घर-घरायसी कामले गर्दा राम्ररी पढ्न नपाउने ऊ, समय पाउँदा पनि पढ्थेन । पढाइ-लेखाइभन्दा बढी साथीहरूसित डन्डी-बियो, पिट्ठु, घुच्चि खेल्न र मेला/जात्रामा जान मन पराउँथ्यो । म पाठ्यपुस्तक पढिरहँदा ऊ 'लुकेको समाज' टाइपका किताब खोजी-खोजी पढिरहेको हुन्थ्यो । म शान्ति मन पराउँथें । ऊ भने त्यसै बेलादेखि केटी जिस्क्याउने र केटाहरूको ग्याङ बनाएर लडाइँ-झगडा गर्थ्यो ।
ऊ परीक्षामा चिट चोर्न माहिर थियो ! त्यसैले अंग्रेजी र गणितमा ग्रेस नम्बरको भरमा अथवा ३२/३३ नम्बर ल्याएर भए पनि पासचाहिँ भइरह्यो ।

अन्ततः हामीले एसएलसी सँगै पास गर्यौं । मैले प्रथम श्रेणीमा पास गरें, उसले तृतीय श्रेणीमा ।
हामी क्याम्पस पढ्न नजिकैको सहरतिर लाग्यौं । एउटै कलेजमा भर्ना भयौं । म विज्ञान फ्याकेल्टीमा भर्ना भएँ, ऊ मानविकीतिर । मैले अरू साथीसँग मिलेर डेरा लिएँ । ऊ आफन्तकहाँ बसेर पढ्ने भयो ।

त्यसै वर्ष बहुदल आएकाले राजनीतिक सरगर्मी एकदमै बढेको थियो । हामी पनि यौटा संगठनतिर लाग्यौं । क्याम्पसका केही अल्लारे केटाहरूले 'ओस्ला' ग्याङ बनाएका थिए, जसको पूरा स्वरूप 'वन साइडेड् लभर्स एसोसिएसन' हो भन्थे !
ऊ पनि बेला-बेलामा त्यही ग्याङमा मिसिएर केटी जिस्काउँदै, प्राध्यापकहरूलाई गिज्याउँदै हिँड्थ्यो ।

प्रमाणपत्र तहको परीक्षा सकियो । मैले राम्रै अंक ल्याएर पास गरें । ऊ २/३ वटा विषयमा फेल भयो । म बीए पढ्न भनेर राजधानीतिर लागें । त्यसपछि ऊसँग मेरो भेटघाट, खोजखबर सबै बन्द भयो ।

राजधानीमा विद्यार्थी संगठनको इमानदार सदस्यका हैसियतमा राजनीतिक गतिविधिमा सहभागी हुँदै पढिरहें । पढाइको बीच-बीचमा जागिर पनि खाएँ । यसरी नै एमएको पढाइ पनि सकें ।

पछि थप अध्ययनका लागि विदेश गएँ । र, विदेशबाट प्राविधिक विषयमा उच्च शिक्षा सकेर केही वर्षपछि नेपाल नै फर्किएँ ।
उताबाट फर्केपछि मैले आफन्त साथीभाइसँग भेट हुँदा एउटैखालको प्रश्नको सामना गर्नुपर्थ्यो, 'विदेशमा पैसा कति कमाइस् ? काठमाडौंमा घर-घडेरी जोडिस् कि जोडिनस् ?'
त्यति बेलासम्म देशमा लोकतन्त्र आइसकेको थियो । हिजो लुकीलुकी हिँड्ने नेताहरू चिल्लो कार चढेर गुड्न थालेका थिए । हिजो डेरा भाडा तिर्न नसक्नेहरू यसै बीचमा महलवासी भएका थिए ।

खासमा हिजोका एउटा राजा ढालेर ल्याइएको गणतन्त्रमा यति बेला सयौं राजा पैदा भइसकेका थिए । र, आफ्नो योग्यताअनुसारको जागिर पाउन तिनै नयाँ राजाहरूमध्ये कुनै राजालाई खुसी नबनाइ सकिन्नथ्यो । तिनको अनुहार सम्झिँदा पनि ज्वरो आउने भएकोले नयाँ राजाहरूसँग फेरि चिनजान गर्न र बिन्ती बिसाउन सकिएन । अनि, क्षमता र दक्षताअनुसारको काम पाउन पनि गाह्रो भयो ।

निकै पापड बेलेपछि यौटा परियोजनामा काम गर्ने मौका मिल्यो । मलाई पनि अरूलाई जस्तै सहरमा एउटा घर-घडेरी जोड्ने र आफू पनि सभ्य सहरवासी हुने रहर वा बाध्यता आइलागेकोले विदेशमा भाँडा माझेर कमाएको अनि थोरबहुत जागिरतिरबाट बचाएको अलिकति पैसा बोकेर घडेरीको खोजीमा लागें ।

एकजना साथीले 'भनेजस्तै राम्रो घडेरी मिलाइदिन सक्ने यो सहरको खुंखार दलेलाइ भेटाउँछु' भन्दै टहरोजस्तो अफिसमा लग्यो । मैले त्यो जग्गा मिलाउने मानिसको नाम सोधें । साथीले 'त्यसको नाम के हो त थाहा भएन । तर, सबैले उसलाइ दले भनेर चिन्छन्' भन्ने जवाफ दियो ।दले त्यति बेला अफिसमा रहेनछ । केही बेरको प्रतीक्षा पछि ऊ अर्थात् दले कालो सिसा भएको गाडीमा चढेर आइपुग्यो ।

अचम्म ! त्यो त मेरो त्यही साथी पो रहेछ । ऊसँग मेरो भेट भयो, करिब २२ वर्षपछि । खुसी लाग्यो ऊसँग भेटेर । ऊ पनि खुसी भयो । हालचाल सोध्ने र बताउने काम हामीबीच सम्पन्न भयो ।

२/३ वटा घडेरी देखाइसकेपछि खाजा खाऊँ भनेर उसले सहरको चल्तीको रेस्टुरेन्टमा लग्यो । हामी दुवै रेस्टुरेन्टको रुफटपमा रहेको टेबलमा बसेपछि उसले बियरलगायत मासुका विभिन्न परिकार अर्डर गर्यो । मदिरा खासै नखाने हुँदा मैले थोरै लिएँ, उसले आँखा रातो हुन्जेल पियो ।

अनि, आफ्नो विगत बताउन थाल्यो । रक्सीले झम्म भएको मौकामा उसले कुनै पनि कुरा नलुकाएको हो कि भन्ने मलाई लाग्यो ।

उसले ६/७ वर्ष लगाएर प्रमाणपत्र तहको परीक्षा उत्तीर्ण गरेछ । त्यसपछि एकजनाले उसलाई कुनै हाकिमलाई भनेर उसको अफिसमा लेखापालको काम दिलाएछ । जागिर खाँदै बीएमा भर्ना भएछ । तर, कतिकै जोड गर्दा पनि पास नभएपछि पढ्ने लेठो नै छाडिदिएछ ।

हाकिमले बाठोपना देखेर उसलाई अफिसको महत्वपूर्ण जिम्मेवारी दिएछ । उसले पनि अफिसको सम्पत्तिमा गर्नुसम्म घोटाला गरेछ । अनि, अफिस नै खाडलमा पारेछ । त्यसपछि मात्रै अफिसले उसलाई जागिरबाट बिदा गरेछ ! अचम्म त उसले आईए पास नहुँदै 'म इन्जिनियर हुँ' भनेर झुक्याएरै धनाढ्यकी छोरी बिहे गर्न भ्याएछ ! अनि, ससुरालीले दिएको घडेरीमा कम्पनी डुबाएको पैसाले महल खडा गरेछ ।

त्यही बीचमा विदेशतिर लोग्ने हुने एकजना महिलालाई मायाजालमा पारेछ । अनि, बिहे गर्छु भनेर उसको लोग्नेले जग्गा किन्न भनेर विदेशबाट पठाएको पैसामध्ये पाँच लाखजति हात पारेछ । पछि तिनको सम्बन्धबारे ती महिलाको पतिले थाहा पाएछ । पछि त ती महिलाले पनि आत्महत्या गरिछन् रे !
उसलाई ती महिलासँग बिहे गर्नु पनि परेन । पैसा पनि तिर्नु परेन रे ! त्यति बेलै उसले पार्टीको नाममा चन्दा पनि उठाउने गरेको रहेछ । जुन पछि बुझाउनै परेन रे ! तिनै महिलाको पाँच लाखमा पार्टीको १० लाख थपेर उसले घर-जग्गाको कारोबार सुरु गरेछ । अनि त लाख हुँदै करोडौं कमाएछ । अहिले त उसले ठेक्कापट्टा पनि सुरु गरिसकेको रहेछ ।
अहिले त ऊ पार्टीलाई नै लाखौं चन्दा रकम दिन सक्ने भएको छ रे ! अनि, उच्च पदमा रहेकालाई करोडौं कमिसन दिएर राम्रै ठेक्का हात पार्न थालेको छ रे !

मलाई उसको कुरा सुन्दा-सुन्दा वाक्क लागिसकेको थियो । तर, ऊ भने युद्ध जितेको कमान्डरझैं आफ्नो पुरुषार्थ बखान गर्दै थियो ।

खानपिन सकिएपछि पैसा मैले तिर्न खोजें । तर, उसले आजको एउटा कारोबारमा गजबको कमाइ भएको भन्दै पैसा तिर्न दिएन । आफैले तिर्यो । वेटरलाई टन्नै टिप्स दियो ।
उसले परिवारका लागि होमप्याक खानेकुराको अर्डर गर्यो । घर लैजानै भनेर उसले कुखुराको साप्रा, पिज्जा, मोमोलगायत बोकेको थियो ।

रक्सी चढेकाले उसलाइ सुरक्षित पुर्याइदिऊँ, उसको घर पनि हेरौं अनि परिवारसँग चिनापर्ची पनि गरौं भन्ने सोचेर उसलाई छोड्न घरैसम्म गएँ ।

घर त गजबको बनाएको रहेछ, उसले । परिवार पनि सबै खातापिता । छोराछोरी नेपालकै महँगा स्कुल र कलेजमा पढ्ने रहेछन् । कुराकानी गर्दा तपाईंको साटो हजुर, आइस्योस्, गइस्योस् जस्ता दरबारिया लबज पो चल्दो रहेछ । एउटा सानो केटो (सायद छोरो हो कि) नाकमा सिंगान बगाउँदै रूँदै थियो । उसको घाटीमा कुकुरको दाम्लोजस्तै पहेँलो (सायद सुनको) सिक्री झुन्डिएको थियो ।
म छोटो कुराकानी गरेर निस्किएँ ।
०००
भोलिपल्ट बिहानै ल्यान्डलाइनबाट फोन आयो । उही दलबहादुरको रहेछ ।
उसको फोन उठाउनेबित्तिकै मैले भनौं, 'मलाई जग्गा मनपर्यो । तर, निर्णय गर्न केही दिन देऊ यार ।'

उसले भन्यो, 'जग्गाको कुरा त छँदै छ । बरु, मैलै अहिले फोन गरेको कुराचाहिँ अर्कै छ । हिजो मन्त्रीज्यू मेरोमा आइस्या'थ्यो । मैलै तिम्रो बारेमा बताएँ । हाम्रै पार्टीको साथी हो, राम्रो ठाउँमा नियुक्ति दिनुपर्यो भनेको छु ।'

मैले भनें, 'धन्यवाद, मेरो सिफारिस गरेकोमा । मैले के गर्नुपर्ला अब ?'
उसले जवाफ दियो, 'अरू केही गर्नु पर्दैन, ५० जति बुझाए हुन्छ ।'
मलाई सारा शरीरमा करेन्ट लागेजस्तो भयो । मैले भनें, 'म कमिसन दिएर कुनै हालतमा जागिर खान्नँ ।'

त्यत्तिकैमा दलबहादुर जंगियो, 'तिमीले मलाई पत्याएनौ ! मलाई जग्गाको कारोबार गर्ने मामुली 'दले' सम्झेजस्तो छ । मैले त त्यत्रो योग्यता भएको मेरो साथी, डेरामा बसेको, लोकल बस चढेर हिँडेको अनि छोराछोरीलाई सरकारी स्कुल-कलेजमा पढाएको सम्झेर तिम्रै कल्याण होस् भनेर पो करोडौं कमाइ हुने जागिर मिलाइदिन खोजेको थिएँ !...'
हो, यही बेला हो उसले ढ्वांग फोन राखिदिएको ।

# पत्रकार राजवंशीमाथि वडाध्यक्षले गरे दुर्व्यबहार



***गौरीगञ्ज (प्रस) ।*** गौरीगञ्ज गाउँपालिका वडा नं ३ का वडाध्यक्ष मखना महतोले पत्रकारमाथि दुर्व्यबहार गरेका छन् । वडाध्यक्ष महतोले गौरीगञ्ज दर्पण डटकमका सम्पादक मदन राजवंशीमाथि दुर्व्यबहार गर्दै क्यामेरा समेत खोस्न खोजेका थिए । निर्माणाधीन हुलाकी राजमार्गको नाला सो वडामा केही व्यक्तिहरुको स्वार्थका लागि बाङ्गोटिङ्गो बनाउन थालेपछि पत्रकार राजवंशीले भिडियो रिपोर्टिङ गरेका थिए ।

गौरीगञ्ज दर्पण डटकमको अफिसियल फेसबुक पेज र युट्युब च्यानलबाट सो रिपोर्ट बिहीबार प्रसारण भएपछि सामाजिक सञ्जालमा सो बाङ्गोटिङ्गो सडक र गौरीगञ्जका जनप्रतिनिधिहरुको निकै आलोचना भएको थियो । शनिबार बिहान गाउँपालिका अध्यक्ष बाबुराजा श्रेष्ठ र वडाध्यक्ष महतो सो सडक हेर्न गएका थिए । उनीहरु त्यहाँ पुगेपछि स्थानीयहरुले नाला र बाटोको कामको बिरोध गरेकाथिए । सोही क्रममा पत्रकार राजवंशीले रिपोर्टिङका लागि भिडियो खिचिरहेको बेला वडाध्यक्ष महतोले क्यामेरा खोस्न खोजेका थिए । उनले गौरीगञ्ज दर्पणमा प्रसारण भएको भिडियो रिपोर्टको बिषयलाई लिएर राजवंशीलाई गालीगलोज समेत गरेका छन् ।

गौरीगञ्ज वडा नं ३ को बजार क्षेत्रमा गेउरिया पुलदेखि नहरसम्म वडाध्यक्ष महतोकै अदुरदर्शिताका कारण लामो समयदेखि बाटो विवादित बनेको आरोप छ । विवाद सिर्जना भएको एक वर्षपछि गत फागुन

❖ बाँकी अन्तिम पृष्ठमा

# रुखले किचेर चौधरीको मृत्यु

***झापा (प्रस) ।*** सुनसरीको ईटहरी १७ टिकुलियाका ५५ बर्षीय लक्ष्मण चौधरीको रुखले किचेर मृत्यु भएको छ । शुक्रबार दिउँसो साढे १२ बजे आफ्नो घरनजिकै गोरु चराउने क्रममा हावाहुरीको कारण कदमको रुख ढल्दा किचेर उनी गम्भीर घाईते भएका थिए । चौधरीको न्युरो अस्पताल बिराटनगरमा उपचारको क्रममा दिउँसो साढे २ बजे मृत्यु भएको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ ।

# मोटरसाइकलको ठक्करबाट खरिदार नेपालको मृत्यु



***झापा (प्रस) ।*** मोटरसाइकलको ठक्करबाट बुद्धशान्ति गाउँपालिकाका खरिदार दीपक नेपालको मृत्यु भएको छ । बुद्धशान्ति गाउँपालिका १ पुल चौक बस्ने ४७ वर्षीय नेपाललाई गएराति मोटरसाइकलले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय झापाका डिएसपी राकेश थापाले जानकारी दिए । नेपाल निजामती कर्मचारी युनियनका क्रियाशील सदस्यसमेत रहेका नेपाल बुद्धशान्ति गाउँपालिकामा कार्यरत सहायक स्तर चौथो तहका कर्मचारी थिए । प्रहरीका अनुसार बुद्धशान्ति १ शान्ति चौकस्थित भित्री सडकखण्डमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको तत्काल नम्बर नखुलेको होन्डा कम्पनीको मोटरसाइकलले शुक्रवार राति साढे ८ बजे सडकमा हिडिरहेका नेपाललाई ठक्कर दिएको थियो । मोटरसाइकलको ठक्करबाट टाउकोमा गम्भीर चोट लागेका उनलाई तत्काल बिर्तामोडस्थित बिएण्डसी अस्पताल पुऱ्याएको र उनको उपचारको क्रममा राति १० बजे मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने नम्बर नखुलेको मोटरसाइकलको खोजी भइरहेको डिएसपी थापाले बताए ।

# फिदिम आगलागीबाट ३१ लाखको क्षति



***फिदिम (प्रस) ।*** पाँचथर सदरमुकाम फिदिम बजारको गोसलाइनमा शनिबार बिहान भएको आगालीबाट दावा शेर्पाको दुई तले घर जलेको छ । घरमा भाडा गरी बसेका ६ परिवार बिस्थापित बनेका छन् ।यसका साथै यातायात मजदुर संघको कार्यालय पनि जलेको छ । आगलागीबाट ३१ लाख ३१ हजार बराबरको क्षति भएको जिल्ला

❖ बाँकी अन्तिम पृष्ठमा

# बिर्तामोड नगरपालिका र इलाका प्रहरी कार्यालय अनारमनीको विशेष अनुरोध

हाल आएर छिमेकी देश लगायत नेपालमा समेत कोरोना संक्रमणको प्रकोप दिनानुदिन समुदाय स्तरमा फैलन थालेकाले सोलाई मध्यनजर राख्दै सोको रोकथाम र नियन्त्रणका लागि निम्नानुसार गर्न/गराउनु हुन सम्पूर्ण नगरबासीहरुमा हर्दिक अनुरोध गरिन्छ ।

निम्नः-

(१) भौतिक रुपमा उपस्थित भै सञ्चालन गर्ने सबै प्रकारका सभा सम्मेलन, खेलकुद, विवाह, ब्रतबन्ध, पास्नी, मेला, महोत्सब, जात्रा, पर्व, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कृयाकलापहरु सञ्चालन गर्दा/गराउँदा नेपाल सरकारले तोकेकोजनस्वास्थ्य सम्बन्धि मापदण्डको पूर्णरुपले पालना हुने गरि बढीमा २५ जनासम्म सहभागि हुने गरि मात्र गर्ने र त्यस्ता कार्यक्रमहरु पार्टी प्यालेसमा गर्ने भए अनिवार्यरुपमा स्थानीय प्रशासनको पूर्वस्विकृति लिएर मात्र गर्ने/गराउने ।

(२) सार्बजनिक यातायातका साधन सञ्चालन गर्दा जनस्वास्थ्यको मापदण्डको पूर्ण पालना गरि सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ,सवारी साधनमा सेनिटाईजरको व्यवस्था अनिवार्य गर्ने, यात्रुलाई मास्क लगाउन अनिवार्य गर्ने/गराउने ।

(३) कार्यालय, पसल तथा सार्बजनिक स्थलहरुमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

(४) होटल तथा रेष्टुराहरु स्वास्थ्य सम्बन्धि मापदण्डको पालना गरी सेवाग्राहीहरुलाई मास्क, भाइजर र पञ्जा अनिवार्य गर्ने र बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्ममात्र सञ्चालन गर्ने/गराउने ।

(५) सिनेमा हल, पार्टी प्यालेस, डान्सबार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ पुल, फुटसल, सभा, आमसभा, जुलुस, हाटबजार, रङ्गशालामा हुने दर्शक सहितको खेलकुद र मानिसहरुको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम संवत् २०७८ साल वैशाख मसान्त सम्म बन्द गर्ने/गराउने ।

(६) मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संवत् २०७८ साल बैशाख मसान्त सम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने/गराउने ।

(७) सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालिम, प्रशिक्षण जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्ने पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी संचालन गर्ने तर सुरक्षा निकायले आन्तरिक तालिमको हकमा जनस्वास्थ्यका मापदण्ड पालना हुने व्यवस्था मिलाई संचालन गर्न सकिने ।

(८) कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि टोल सुधार समिति वा उपभोक्ता समितिले दुई मिटरको भौतिक दुरी, मास्कको अनिवार्य प्रयोग, सार्वजनिक स्थानमा साबुन पानीले हात धुने लगायत जनस्वास्थ्यका मापदण्डहरु पालना भए नभएको सूचना वडा कार्यालय तथा नगरपालिकालाई दिने ।

(९) आमनागरिकले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने,

१०) कोरोना रोगको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाउँ ।

**बिर्तामोड नगरपालिका**
**इलाका प्रहरी कार्यालय, अनारमनी**
बिर्तामोड, झापा

# सूचना

पशु बलीप्रथा न्यूनीकरण, निरुत्साहन र अन्त्य गर्न सबै नागरिकहरु सक्रियतापूर्वक लागौं ।

**नेपाल सरकार**
**सञ्चार सूचना तथा प्रविधि मन्त्रालय**
*सूचना विभाग*




मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट





प्रतिदिन

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१७ | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |


## राशिफल

**मेष**: आलस्य र थकानको अनुभूति हुनेछ । झुटा आरोप लाग्न पनि सक्छ ।
**वृष**: सहयोगीहरूले काममा साथ दिनेछन् । खेतिपातीबाट बढी लाभ लिन सकिनेछ ।
**मिथुन** : वैदेशिक क्षेत्रको काम भने विस्तारै अघि बढ्नेछ ।
**कर्कट** : चिताएको कामले तीव्रता लिनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ ।
**सिंह** : मनमा देखिने अस्थिरता अधैर्यताका कारण निर्णायक क्षमतामा कमी आउनेछ ।
**कन्या** : शुभ समाचार सुन्न पाइएला । नसोचेको ठाउँबाट धनागम हुनसक्छ ।
**तुला** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।
**वृश्चिक** : व्यवसाय बढाउने वा नवीन रोजगारीको अवसर आउनेछ ।
**धनु** : आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।
**मकर** : पठनपाठनका क्षेत्रबाट लाभ लिन सकिनेछ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।
**कुम्भ** : पठनपाठनमा मन जानेछ । टाढाको मित्रजन सँग भेट हुने योग छ ।
**मीन** : परिवारजनसँग मनमुटाव हुन सक्छ , स्वास्थ्यमा समस्या आउनेछ ।